
# लेखापरीक्षण प्रतिवेदन

## बर्दगोरिया गाउँपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बर्दगोरिया गाउँपालिका, कैलाली

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/247

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
बर्दगोरिया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली।

**कैफियतसहितको राय**

हामीले बर्दगोरिया गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान ( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

पालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा पालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम स्थानीय संचित कोषमा जम्मा हुने व्यवस्था छ। पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३ करोड ७९ लाख ५ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रू. ४ लाख, शिक्षा विज्ञान तथा

प्रविधि मन्त्रालयको रू. २ लाख ९१ हजार र स्वास्थ क्षेत्र सुधार कार्यक्रमको रू. ५ लाख ४० हजार गरि कुल जम्मा रु. १३ करोड ९१ लाख ३७ हजार समावेश गरेको छैन।

१. पालिकाको रु. १ अर्ब २५ करोड ५९ लाख ८१ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ३६ लाख १४ हजार (१.०८ प्रतिशत) बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिकृया प्राप्त भएन। पालिकाको बेरुजु असुल गर्नुपर्ने रू. १६ लाख ६७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २७ लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ८६ लाख ५१ हजार र पेश्की बाँकी रु. ५ लाख ८९ हजार रहेको छ। गत वर्षसम्म रु. १७ करोड २३ लाख ८२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड ४२ लाख ५० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल

सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९६ | १३७ | १,३६,१४,२४७ | ० | ० | ० | ० | ९६ | १३७ | १,३६,१४,२४७ | १६,६६,९४५ | ८६,५१,३३८ | २७,०७,०७५ | ० | ० | १,१३,५८,४१३ | ५,८८,८८९ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | 17,२३,८२,००० | ० | १९,१४,४३४ | ० | १,६८,४६९ | १,३६,१४,२४७ | १८,४२,५०,२८२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | २५.१ | एकमुष्ठ अनुदान | ३,१२,००० |
| २ | २०७८/७९ | १६.५ | घटी विल | १९,५०० |
| ३ | २०७८/७९ | १६.६ | सम्झौता पत्र भन्दा बढी तलब भुक्तानी | ७,०१४ |
| ४ | २०७८/७९ | १६.९ | कार्यक्रममा दोहोरो खर्च | ५७,९५१ |
| 5 | २०७८/७९ | 16.२२ | प्रशिक्षक भत्ता | ६,८०० |
| 6 | २०७८/७९ | १६.२६ | दोहोरो भत्ता | १,२०० |
| ७ | २०७८/७९ | ३६.1 | आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु | १,९३,९६९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ३१ | महंगी भत्ता | १३,१६,००० |
| जम्मा | | | | १९,१४,४३४ |

# (८०७७७५०५३०० - बर्दगोरिया गाउँपालिका, कैलाली )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ७६.२६ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना २०७८ अनुसार ३७,६८२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०५ देखि २०८१ ।०८।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि प्रर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ गरी जम्मा रू. १ अर्ब २५ करोड ५९ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **एकिकृत आय व्यय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ११९३९८०६५.७१ | ११९३९८०६५.७१ | १ | **चालु खर्च** | 301364317.54 | ३०१३६४३१७.५४ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १८४५५७०१४.२ | १८४५५७०१४.२ |
| | ख) बैंक | ११९३९८०६५.७१ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | १२८२३४२०० | १२८२३४२०० | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १८५१४२८५ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | १०८९१९३२५.५४ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ८००५८९.४३ | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | ३००६३३२०० | ३००६३३२०० | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | १०२५७९००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १६२१९१००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ७७४८२०० | | ५ | धरौटी फिर्ता | ५८२१४७४ | ५८२१४७४ |
| | घ) विशेष अनुदान | २८११५००० | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | २३९५६२७२ | २३९५६२७२ | ७ | कोष फिर्ता | २०००० | २०००० |
| | क) वित्तिय समानीकरण अनुदान | ९४०८००० | | ८ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | ३५७६३५७ | | | क) बैंक मौज्दात | ३८५७९६९३.९१ | ३८५७९६९३.९१ |
| | ग) समपुरक अनुदान | ४७२४९५२ | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ६२४६९६३ | | ९ | शसर्त अनुदान फिर्ता | २५२०५१३६.२८ | २५२०५१३६.२८ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | १३९१३६६१३ | १३९१३६६१३ | १० | गत बर्षको बढी अल्या | | |
| | क) सामाजिक सुरक्षा | १३७९०५७८६ | | ११ | अन्तर स्थानीय तहबाट प्राप्त | १३९१३६६१३ | १३९१३६६१३ |
| | ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ० | | | क सामाजिक सुरक्षा | | |
| | ग) गरिव संग विश्वेश्वर | ४०००७० | | | ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | |
| | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | ० | | | ग) गरिव संग विश्वेश्वर | | |
| | ङ)अन्य | ८३०७५७ | | | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | | |
| ६ | अन्य | | | | | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | जनश्रमदान मौज्दात | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सडक बोर्ड नेपाल | | | १३ | धरौटी मौज्दात | ११४७९६६६.५१ | ११४७९६६६.५१ |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | कोष खाताको मौज्दात | १३११०९०६.५१ | १३११०९०६.५१ |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | ४००९९९.९८ | ४००९९९.९८ | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | ७५१५४७१ | ७५१५४७१ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | **जम्मा** | | ७१९२७४८२१.७ | | **जम्मा** | | ७१९२७४८२१.७ |

## ३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

म.ले.प.फा.नं. २७०-०१

**बर्दगोरिया गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, कैलाली**

**कार्यालयको कोड : ८०७७७५०५३००**

**वित्तीय प्रतिवेदन**

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | १०,४७,५२,७६६.२६ | ० | १०,४७,५२,७६६.२६ | ६,०३,०४,०८१.३१ | ० | ६,०३,०४,०८१.३१ |
| १३००० | अनुदान | २९,९३,८४,३३५.७२ | ० | २९,९३,८४,३३५.७२ | ३१,९६,३५,८५०.९४ | ० | ३१,९६,३५,८५०.९४ |
| १४००० | अन्य राजस्व | २,३२,९३,५३८.७१ | ० | २,३२,९३,५३८.७१ | १,६०,०४,५४८.४७ | ० | १,६०,०४,५४८.४७ |
| १५००० | विविध प्राप्ति | १,८७,८९५.०० | ० | १,८७,८९५.०० | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | ४२,७६,१८,५३५.६९ | | ४२,७६,१८,५३५.६९ | ३९,५९,४४,४८०.७२ | | ३९,५९,४४,४८०.७२ |
| ३ | चालु | ३०,१३,६४,३१७.५४ | ० | ३०,१३,६४,३१७.५४ | २८,१८,१९,२६१.७८ | ० | २८,१८,१९,२६१.७८ |
| २१००० | पारिश्रमिक / सुविधा | ११,१५,४१,४१४.७८ | ० | ११,१५,४१,४१४.७८ | १०,७४,५७,११७.७६ | ० | १०,७४,५७,११७.७६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १३,८०,१८,३८८.३४ | ० | १३,८०,१८,३८८.३४ | १४,६९,०७,४७३.२२ | ० | १४,६९,०७,४७३.२२ |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ० | ० | ० | ० | ० | ० |
| २५००० | सहायता (Subsidy) | ४,२५,०४,१७६.०० | ० | ४,२५,०४,१७६.०० | १,४९,५९,३८७.०० | ० | १,४९,५९,३८७.०० |
| २६००० | अनुदान | ४,४६,०००.०० | ० | ४,४६,०००.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ४७,८२,८५०.०० | ० | ४७,८२,८५०.०० | ३१,९७,२७५.०० | ० | ३१,९७,२७५.०० |
| २८००० | अन्य खर्च | ४०,७१,४८८.४२ | ० | ४०,७१,४८८.४२ | ९२,९८,००८.८० | ० | ९२,९८,००८.८० |
| ४ | पूंजीगत | १८,४५,५७,०१४.२० | ० | १८,४५,५७,०१४.२० | २०,५४,०५,०११.०० | ० | २०,५४,०५,०११.०० |
| ३१११० | भवन तथा संरचना | १,८७,६६,६४७.०० | ० | १,८७,६६,६४७.०० | ६७,२९,५६४.०० | ० | ६७,२९,५६४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २,२०,४७,२८०.०० | ० | २,२०,४७,२८०.०० | ३,४७,९२,३१४.०० | ० | ३,४७,९२,३१४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ५३,४३,४७३.०० | ० | ५३,४३,४७३.०० | ३३,७४,६१३.०० | ० | ३३,७४,६१३.०० |
| ३११४० | सुरक्षा उपकरण | ४,००,०००.०० | ० | ४,००,०००.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ११,५४,४२,५०१.२० | ० | ११,५४,४२,५०१.२० | १६,०३,६०,०२०.०० | ० | १६,०३,६०,०२०.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १,९५,६५,३१९.०० | ० | १,९५,६५,३१९.०० | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ० | १,४८,५००.०० | ० | १,४८,५००.०० |
| ३१३१० | बहुमूल्य सामानहरु | २९,९१,७९४.०० | ० | २९,९१,७९४.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ४८,५९,२१,३३१.७४ | | ४८,५९,२१,३३१.७४ | ४८,७२,२४,२७२.७८ | | ४८,७२,२४,२७२.७८ |
| ग) | बचत /कमी (ग = क-ख ) | (५,८३,०२,७९६.०५) | | (५,८३,०२,७९६.०५) | (९,१२,७९,७९२.०६) | | (९,१२,७९,७९२.०६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको | २०,७०,९९६.९८ | | २०,७०,९९६.९८ | १,२५,४५,८८६.१७ | | १,२५,४५,८८६.१७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मौज्दातको थप/ घट (+/ -) | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | (१,७८,३५६.१०) | | (१,७८,३५६.१०) | (८,००,५८९.४२) | | (८,००,५८९.४२) |
| ङ) | यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | (५,६२,३१,७९९.०७) | | (५,६२,३१,७९९.०७) | (७,८७,३३,९०५.८९) | | (७,८७,३३,९०५.८९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ११,९३,९८,०६५.७१ | | ११,९३,९८,०६५.७१ | १९,८१,३१,९७१.६० | | १९,८१,३१,९७१.६० |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ६,३१,६६,२६६.६४ | | ६,३१,६६,२६६.६४ | ११,९३,९८,०६५.७१ | | ११,९३,९८,०६५.७१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन।यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन,

· वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· प्रचलित कानुन अनुसार लेखा समित गठन गरेको पाईएन,

· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोरमैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थित रुपमा गरेको पाइएन,

· सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

· वातावरण संरक्षण ऐन,२०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन,

· पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन,

· दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन,

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन,

· निर्माण कार्य गर्दा तोकिए वमोजिम विमा गरी प्रमाण लिने व्यवस्था गर्नुपर्नेमा सो भएको पाईएन,

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ ।

## ५ वित्तीय विवरणको विश्लेषण

५.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,७९,०५,७८६।, गरिबसंग विशेश्वर कार्यक्रमको रू.४,००,०७०।, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रू.२,९०,७९७। र स्वास्थ क्षेत्र सुधार कार्यक्रमको रू.५,४०,०००। गरि कुल जम्मा रु.१३,९१,३६,६५३। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.२

**फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्तिमा रू.१७,२२,५८,२२०.३० र यस वर्षको भुक्तानीमा रू.१७,०१,८३,२२३.०३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ११,९३,९८,०६५.७१ | ४२,७६,१८,५३५.६९ | ४८,५९,२१,३३१.७४ | ६,३१,६६,२६६.६४ |
| एकीकृत आर्थिक विवरण अनुसार | ११,९३,९८,०६५.७१ | ५९,९८,७६,७५५.९९ | ६५,६१,०४,५५४.७७ | ६३,१७०,२६६.९३ |
| **फरक** | **०** | **१७,२२,५८,२२०.३०** | **१७,०१,८३,२२३.०३** | **४,०००.२९** |

माथिको तालिका विश्लेषण गर्दा सुत्र अनुसारको वार्षिक प्रतिवेदन र एकीकृत आर्थिक विवरणअनुसार बैङ्क मौज्दातमा रू.४,०००।२९ को फरक परेको छ। यसरी बैङ्क मौज्दातमा रकम फरक परको सम्बन्धमा एकिन गरि प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०००.२९ |

५.३ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू.४,९७,२४०।५८ देखाएको छ । यकिन भई सकेको कर दायित्व ले.प. को क्रममा दाखिलाको लागी अनुरोध गर्दा समेत दाखिला नभएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९७,२४० |

५.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैंङ्क मौज्दात विवरण देहाएअनुसार छ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३८५०१०१३.६७ | ३८४९७०१३.६८ |
| चालु खर्च खाता | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० |
| विविध खर्च खाता | १२६२४५९८.४८ | १२६२४५९८.४८ |
| विपद व्यवस्थापन खाता | ४८६३०८.३७ | ५६८९८८.५६ |
| धरौटी | ११४७५६६६.२२ | ११४७५६६६.२२ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग१.३, आन्तरिक अनुदान खाता | ० | ० |
| जम्मा | ६३०८७५८६.७४ | ६३१६६२६६.९४ |

पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात बिच रु.७८,६८०.२० फरक परेको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

६ **सञ्चित कोषमा स्थानान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा चालु खातामा रू.७,८१,१२०.७८ र पूजिगत खातामा रु.१,९५,८२४.२० गरी कुल रू.९,७६,९४४.९८ मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

७ **बजेट व्यवस्थापन**

७.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै, आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेको भएता पनि समयमै कार्य सम्पन्न भएको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

७.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

७.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रु.५७ करोड ७९ लाख ०६ हजार को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

७.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पूँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष निम्नानुसार एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो।जस अनुसार कूल रू.२,२२,४९,०००। बजेट रकमान्तर भएको छ। कार्यपालिकाबाट भएको रकमान्तरको निर्णय सभाको मिति २०८०।१०।२९ को निर्णयबाट अनुमोदन भएको देखियो।

| घट कायम भएको | | थप कायम भएको | |
|---|---|---|---|
| **शिर्षक** | **रकम** | **शिर्षक** | **रकम** |
| बौनिया बजारमा बसपार्क निर्माण | ५०००००० | वडा नं. १ देखि ६ सम्मका विभिन्न बाटो निर्माण तथा मर्मत | ५०००००० |
| गाउँपालिका प्रशासनिक भवन निर्माण | १०००००० | क्याम्पस संचालन तथा व्यवस्थापन अनुदान | १०००००० |
| विविध भैपरी आउने खर्च | २५०००० | वडा कार्यालय विविध खर्च | २५०००० |
| मृगौला प्रत्यारोपण गरेका, क्यान्सर मेरूदण्ड पक्षघात जस्ता विरामी लाइ अनुदान | २००००० | विभिन्न ऐन नियम कानुन निर्माण | १०००००० |
| अनुगमन, मुल्याकंन खर्च | ४५०००० | | |
| संचार महशुल | ३५०००० | | |
| अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ४५०००० | पत्रपत्रिका,तथा सूचना प्रकाशन खर्च | ४५०००० |
| संचार महशुल | ८००००० | कर्मचारीको बैठक भत्ता | ८००००० |
| कर्मचारी तालिम खर्च | १९९००० | घरभाडा | १९९००० |
| कर्मचारी तालिम खर्च | ३००००० | घरभाडा | ३००००० |
| भैपरी आउने विभिन्न कार्यक्रम खर्च | ४६००००० | करार सेवा शुल्क | ५४००००० |
| पदाधिकारी सुविधा | ५००००० | | |
| अन्य फिर्ता | ३००००० | | |
| भैपरी आउने विभिन्न कार्यक्रम खर्च | ३५००००० | करार सेवा शुल्क | ३५००००० |
| पदाधिकारी अवलोकन भ्रमण | ३००००० | भुमिहिन दलित सुकुम्बासी अव्यवस्थित बसोवासहरूको तथ्याङ्क संकलन इकाईमा कार्यरत कर्मचारीको खर्च | २०००००० |
| पदाधिकारी अवलोकन भ्रमण | २००००० | | |
| भुमी व्यवस्थापन तथा सञ्चालन खर्च | १५००००० | | |
| भुमी व्यवस्थापन तथा सञ्चालन खर्च | १५००००० | करार सेवा शुल्क | १९००००० |
| कर्मचारी अवलोकन भ्रमण | २००००० | | |
| कर्मचारी अवलोकन भ्रमण | २००००० | | |
| ढोढरपुर पनघट मन्दिर निर्माण | २५०००० | मुडा बजारमा रहेको खेलमैदान मर्मत सम्भार | २५०००० |
| वडा प्रोफाइल निर्माण | २००००० | पुरैना ताल संन्तनिरंकारी भवनको अधुरो पर्खाल निर्माण | १००००० |
| | | पुरैना ताल बसन्ता जाने चौराहा निर प्रतिक्षालय निर्माण | १००००० |
| कुल जम्मा | २,२२,४९,००० | | २,२२,४९,००० |

७.५ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो बर्ष स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी समपुरक कोषको रुपमा रू.३ करोड ५० लाख बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ । समपुरक कोष तर्फको योजना ४ वटा मात्रै भएको र सोको लागि

यो बर्ष रू.१,२८,३३,६५४। मात्रै खर्च भएको देखियो ।अत: योजनागत रुपमा वार्षिक लागतको तथ्यपरक अनुमान गरी बजेट बनाउनु पर्दछ । समपुरक कोषको नाममा ठुलो रकम बजेट विनियोजन पछी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ ।

त्यस्तै, यो वर्ष भैपरी आउने विविध कार्यक्रममा प्रमुखको आदेश अनुसार तत्काल खर्च गर्न सकिने गरी रू.१५ लाख लाख विनियोजन भएको देखियो । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी वडागत विविध, भैपरी आउने तथा पछि बाँडफाट हुने गरी बजेट विनियोजन गर्ने कार्य बजेट अनुशासनको मर्म अनुरुप हुन जादैन । यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी प्रमुखको निर्णयबाट खर्च गर्ने गरेको देखिएबाट वित्तीय अनुशासन र पारदर्शिता कायम भएको मान्न सकिने सुनिश्चतता देखिएन । तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

७.६ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रू.हजारमा)

| सि.नं. | ब.उ.सि.न. | कुल खर्च | त्रैमासिक खर्च बिवरण | | | | अषाढको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पुँजीगत खर्चतर्फ | १८४५५७ | ५६०१ | १०१४५ | ५२४७७ | ११६३३४ | ७३००१ |
| | प्रतिशत | १०० | ३.०३ | ५.४९ | २८.४३ | ६३.०५ | ३९.५५ |

कार्यालयको लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा ३.०३ प्रतिशत, दोस्रो त्रैमासिकमा ५.४९ प्रतिशत, तेस्रो त्रैमासिकमा २८.४३ प्रतिशत र चौथो त्रैमासिकमा ६३.०५ प्रतिशत खर्च गरेको देखिन्छ । वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्च मध्ये चौथो त्रैमासिकमा ६३.०५ र अषाढमा ३९.५५ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक वर्षको एउटा त्रैमासिक र वर्षान्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने देखिन्छ । तसर्थ: पालिकाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्ययोजना बनाई समयमै खर्च व्यवस्थापन गर्नुपर्दछ ।

७.७ **खर्च बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू.१,८५,१४,२८५। राजस्व बाँडफाँड र अनुदानबाट रू.४३,३५,०८,७९७.५ गरि जम्मा रू.४५,२०,२३,०८२.५० आम्दानी भएकोमा चालु तर्फ रू. ३०,१३,६४,३१७.५० र पूँजिगत तर्फ रू.१८,४५,५७,०१४.२० गरि जम्मा रू.४८,५९,२१,३३१.७० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.८१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालु र ३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७.८ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकास क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व. २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६५५८००० | १४६६४८४५ | ३ |
| २ | पूर्वाधार विकास | ११८८६५५२० | १०६६९०२१७ | २२ |
| ३ | सामाजिक विकास | २७६८०९००० | २१६२७५६८७ | ४४ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५३५०००० | ५२२७०५३ | १ |
| ५ | बातावरण तथा विकास | १५००००० | १४९६५७१ | ०.३० |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १६०३२४००० | १४३०६३५२८ | २९.७ |
| **जम्मा** | | ५७,७९,०६,५२० | ४८,७४,१७,९०१ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.३० प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

## ८ योजना व्यवस्थापन

८.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्ष सम्म आवधिक योजना तयार गरी कार्यान्वियन गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

८.२ **मध्यमकालीन खर्च संरचना** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तिनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८०।८१ को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचना तयार गरेको छैन। मध्यमकालिन खर्च संरचना तयार नगर्दा आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता देखिदैन।पालिकाले आवधिक योजना र बार्षिक बजेटबिच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचना तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

८.३ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१८,४५,५७,०१४। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.४ **योजना तर्जुमा तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार योजना तर्जुमा गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने

हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| **विवरण** | **योजना संख्या** |
|---|---|
| रु. ५ लाख सम्म | ३४ |
| रु.५ देखि २० लाख सम्म | १५ |
| रु.२० लाख देखि माथि | १३ |
| **जम्मा** | ६२ |

८.५ **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्यप्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| ठेक्का | ११ | ० | २ | ० | ० | ९ | १२५२११५२१ |
| उपभोक्ता | ५१ | ० | ० | ० | ० | ५१ | २८५८९९५६ |
| जम्मा | ६२ | ० | २ | ० | ० | ६० | १५३८०१४७७ |

## ९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन तर्फ

९.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ३० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सुचना प्रविधि अधिकृत सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

९.२ कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष विभिन्न पदमा ७२ कर्मचारीहरु करारमा राखी रू.२,०३,२०,०७९। खर्च लेखेको छ। जुन आन्तरिक आय रू.१,८५,१४,२८५। को १०९ प्रतिशत हो। उल्लिखित करार सेवाका पदहरु संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएको देखिएन। साथै, प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

९.३ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ४ | २ |

रिक्त वडा सचिवहरूको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

९.४ **तलबी प्रतिवेदन** – निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा पालिकाका २८ जना कर्मचारिको रू.१,८०,४३,९३९। र स्वास्थ्य तर्फका १७ जना स्थायी कर्मचारीहरूको जम्मा रू.१,०९,५६,०९२। गरि कुल जम्मा रू.२,९०,००,०३१। वर्षभरी तलब भत्ता भुक्तानी गरेको पाइयो।पालिकाले उक्त कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगराई तलव भत्ता भुक्तानी गरेकोमा सोको ग्रेड एकिन गर्न सकिएन।तलव खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरेरमात्र खर्च लेख्नु पर्दछ।

## १० सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ। यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ:

| **विवरण** | **जम्मा** |
|---|---|
| घरनक्शा पासको संख्या | ३ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८९४ |
| मृत्युदर्ता | २३५ |
| बसाईसराई दर्ता | २३० |
| विवाह दर्ता | ३१५ |
| सम्बन्ध विच्छेद दर्ता | १७ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | विवरण प्राप्त नभएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।

## ११ इन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३४ थान, एम्बुलेन्स १ थान, व्याकहोल्डर १,

स्कारपियो १, १ रोलर, १ ग्रेडर, २ डम्पर, १ टयाक्टर, १ एम्बुलेन्स रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.२२,७५,६१९ र इन्धन अन्य शिर्षकमा रू.१२,००,०००।०० गरी जम्मा रू.३४,७५,६१९।०० इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

१२ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे ३४ थान, एम्बुलेन्स १ थान, लोडर १, स्कारपियो १, १ रोलर, १ ग्रेडर, २ डम्पर, १ टयाक्टर, १ एम्बुलेन्स रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु.२१,९२,७०८।०० खर्च गरेकोमा मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

१३ **आर्थिक सहायता तथा विविध खर्च तर्फ**

१३.१ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष कार्यविधि वेगर रू.५,०००। देखि रू.१०,०००। सम्म रू.९,००,०००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.१,८५,१४,२८५। को ४.८६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वनाएर आर्थिक सहायता वितरण गर्नुपर्दछ।

१३.२ **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविध खर्च तर्फ मात्र रू.६,८४,३४०। खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.१,८५,१४,२८५। को ३.७० प्रतिशत हुन आउँछ । यस्तो खर्च औचित्यको आधारमा गर्नुपर्दछ ।

१३.३ **गाउँसभा संचालन खर्च** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष १३ औं सभा सञ्चालनार्थ रू.५,५८,५०४।– रकम खर्च गरेको छ ।जुन आन्तरिक आयको ४ प्रतिशत हुन जान्छ। सार्वजनिक खर्चलाई नियमितता र मितव्ययी बनाउन पालिकाले यस प्रकारको प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **विपद व्यवस्थापन कोष तर्फ**

१४.१ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम स्थानीय तहले बनाएको नियम बमोजिम खर्च हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको रू.४,८६,३०८.३६ मौज्दातको रूपमा रहेको छ।विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

१४.२ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यो बर्ष समिति गठन भई २ वैठक वसेका छन्। पालिकाले ऐनमा तोकिए बमोजिम समिति गठन गरे पछि समय समयमा वैठक बसि वैठकका निर्णयलाई कार्यान्वयन गर्दै समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

१४.३ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ।पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन।विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

१५ **सहकारी अनुगमन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ख) मा स्थानिय तहले सहकारी संस्थाको अनुगमन तथा नियमन गर्नुपर्ने ब्यवस्था छ ।पालिकाले दिएको विवरण अनुसार पालिकामा जम्मा ४२ सहकारी संस्था रहेका छन्। यस पालिकाले ऐनमा भएको ब्यवस्था बमोजिम अनुगमन तथा नियमन गरी अभिलेख राखेको देखिएन ।अतः पालिकाले ऐनमा भएको ब्यवस्था अनुसार अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

१६ **जिन्सी व्यवस्थापन तर्फ**

१६.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१६.२ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम पालिकाले जिन्सी निरिक्षण गरि प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व. २०८०।८१ को जिन्सी निरीक्षण प्रतिवेदनले मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका ४ डेस्कटप कम्प्युटर, १० ल्यापटप, ६ प्रिन्टर लगायत १७ प्रकृतिका ७३ मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरुस्त वनाउनु पर्दछ।

१६.३ **सार्वजनिक सम्पत्तिको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

१६.४ **जिन्सी लगत खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।

१६.५ **वडा कार्यालयबाट सामाग्री खरिद** - पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । पालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्यावधिक हुन सक्दैन् । अतः एकिकृत रूपमा वडाहरुको जिन्सी सामाग्री खरीद गरी पाम्समा सबै सामाग्रीहरुलाई स्पेशिफिकेशन सहित खुलाएर राख्ने व्यवस्थाको पालना गर्नको लागि पालिकाले ध्यान दिनुपर्दछ ।

## १७ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले यो बर्ष फोहोरमैला व्यवस्थापनमा रू.२,००,०००। खर्च गरेको छ। फोहोर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण तथा उपयुक्त व्यवस्थापन गरेको देखिएन । ल्याण्डफिल्ड साइडको व्यवस्था गरी फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १८ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १९ कानून निर्माण तथा न्यायिक समिति तर्फ

१९.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ४१ वटा कार्यविधि, ६ वटा निर्देशिका, २ वटा मापदण्ड लगायत ६७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। निर्मित कानूनको प्रभावकारी कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१९.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष २८ विवाद दर्ता भएकोमा २१ फस्यौट भई ७ वटा बाँकी रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २० धरौटीतर्फ

सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै

सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फितां माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रू.५,१७,७२७। धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रू.

| क्र.सं. | गो. भौ.न./ मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटी फिर्ता रकम रु. |
|---|---|---|---|---|
| १ | २-२०८०।०५।१८ | माण्डव कन्स्ट्रक्सन | कर समायोजनको पत्र नभएको | २७११३४ |
| २ | ४-२०८०।०५।२६ | यु एम कन्स्ट्रक्सन | कर समायोजनको पत्र नभएको | ५२७७१ |
| ३ | ४-२०८०।०५।२६ | जे.वि. निर्माण सेवा | कर समायोजनको पत्र नभएको | २०५३७ |
| ४ | ४-२०८०।०५।२६ | दक्षिणा कन्स्ट्रक्सन | कर समायोजनको पत्र नभएको | १७४८५ |
| ५ | ४-२०८०।०५।२६ | बिनोद कन्स्ट्रक्सन | कर समायोजनको पत्र नभएको | १३६६० |
| ६ | ४-२०८०।०५।२६ | मोहन्याल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | कर समायोजनको पत्र नभएको | ३६७८८ |
| ७ | ९-२०८०।०५।२७ | नव दुर्गा मालिका निर्माण सेवा | कर समायोजनको पत्र नभएको | ३४९७६ |
| ८ | १४-२०८०।०९।२४ | जे.एस. कन्स्ट्रक्सन | कर समायोजनको पत्र नभएको | ८७८९ |
| ९ | १५-२०८०।१०।०७ | मनकामना ट्रेड एण्ड सेनेटरी | कर समायोजनको पत्र नभएको | ३९९७५ |
| १० | १६-२०८०।१०।२२ | मा कर्णाली इलेक्ट्रीक | कर समायोजनको पत्र नभएको | २१६१२ |
| जम्मा | | | | ५,१७,७२७ |

| प्रमाण पेश नगरेको | ५,१७,७२७ |
|---|---|

२१ **पेश्की अद्यावधिक सम्बन्धमा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले दिएको विवरण अनुसार ३ बर्षको पेश्की बाँकी र फर्स्यौटको विवरण निम्नानुसार रहेको छ:

| आ. व. | २०७८।७९ | २०७९।८० | २०८०।८१ | अद्यावधिक पेश्की रकम |
|---|---|---|---|---|
| म्याद नाघेको बाँकी रू | ३००००० | ३९५२५६२ | ३९९९००० | ८२५१५६२ |
| म्याद ननाघेको बाँकी रू | १०५००१४८ | २१२५२७३ | ५७३८३७३ | १८३६३७९४ |
| जम्मा | १०८००१४८ | ६०७७८३५ | ९७३७३७३ | २६६१५३५६ |
| पेश्की फर्स्यौट रू | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको | |
| कूल अद्यावधिक पेश्की बाँकी | | | | |

पालिकावाट फर्स्यौट गरेको पेश्कीको विवरण प्राप्त नभएकोले अद्यावधिक पेश्की रकम एकिन गर्न सकिएन।तसर्थ: पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## २२ पेश्की व्यवस्थापन सम्बन्धमा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट हुनु पर्दछ । पालिकाले यो वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फर्स्यौट नभएकोले नियमानुसार पेश्की रू.५,८८,८८९। फर्स्यौट हुनुपर्ने रू.

| क्रस | भौ. नं.मिति | पेश्की प्राप्त गर्नेको नाम | म्याद ननाघेको पेश्की | म्याद नाघेको पेश्की | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३३३ (२०८०।०७।१७) | उपाध्यक्ष गणेश राज गिरी | ० | २००००० | २००००० |
| २ | ३०९(२०८०।०७।०३) | ह.स.चा. कृष्ण रिजाल | ० | ४०००० | ४०००० |
| ३ | ४३४(२०८०।०८।१०) | का.स. रबि जनाला | ० | ५०८८९ | ५०८८९ |
| ४ | ९६५(२०८१।०१।०२) | का.स. रामनाथ चौधरी | ० | ३००० | ३००० |
| ५ | १२९५(२०८१।०२।०९) | ह.स.चा. कृष्ण रिजाल | ० | २००००० | २००००० |
| ६ | २२(२०८०।०८।१२) | रामारोशन नन्दामाता निर्माण सेवा प्रा.लि. | ० | ९५००० | ९५००० |
| ७ | १७(२०८१।०३।१९) | चन्द्र विकास/श्रीस्थान/रसुन जोइन्ट भेन्चर | २००९००० | ० | ० |
| ८ | २९(२०८१।०३।२४) | चन्द्र विकास/श्रीस्थान/रसुन जोइन्ट भेन्चर | १९९०००० | ० | ० |
| जम्मा | | | ३९,९९,००० | ५,८८,८८९ | ४५,८७,८८९ |

साथै, पालिकाले गत विगतको बाँकी पेश्की प्रक्रिया पुरा गरी नियमानुसार फस्यौट गर्नुपर्दछ।

| पेश्की | ५,८८,८८९ |
|---|---|

## २३ विभिन्न कोष तर्फ

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजित बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष निम्न बमोजिमको कोषहरुमा प्राप्ती, खर्च र मौज्दात देखाएको छ । यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| संकेत | कोष हिसाबको नाम | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | बाँकी |
|---|---|---|---|---|---|
| ग २.७ | विविध खर्च खाता | १२२४३५९८.५० | ४००९९.९८ | २०००० | १२६२४५९८.४८ |
| ग३.१ | स्थानीय तह धरौटी खाता | ९७८५६६९.२२ | ७५१५४७१ | ५८२१४७४ | ११४७९६६६.२२ |
| ग४.१ | स्थानीय तह सञ्चित कोष खाता | ९६८८२४८९ | ४५५४८७०४६.६८ | ५१३८७२५२२ | ३८४९७०१३.६८ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४८६३०८.३६ | ० | ० | ४८६३०८.३६ |
| | जम्मा | ११९३९८०६५.०८ | १४४७२३३६९४.९९ | १५०३५४४१७३.३३ | ६३०८७५८६.७४ |

## २४ पदाधिकारी तथा कर्मचारी बैठक भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता वापत रू.१०,००,००० खर्च गरेको देखियो। जुन आन्तरिक आयको तुलनामा ५ प्रतिशत पदाधिकारी तथा

कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

२५ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले यो बर्ष फिल्ड भत्ता वाफत रू.४,९५,०००। र प्रोत्साहन भत्ता वाफत रू. ६,८७,११३।०० गरि जम्मा रू.११,८२,११३। भुक्तानी गरेकोमा उल्लिखित व्यवस्था अनुसार कार्यविधि तथा मापदण्ड नबनाई कार्यपालिकाको निर्णय सभाबाट पारित गरी खर्च लेखेको देखियो। निश्चित मापदण्ड र कार्यविधि बनाएर पालिकाको आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी कर्मचारीलाई प्रोत्साहत स्वरुप अतिरिक्त भुक्तानी गर्नुपर्दछ।

२६ **फरक खर्च शिर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले निम्नानुसार फरक शिर्षकवाट खर्च गरेको देखिएकोले उक्त रकम नियम सम्मत नदेखिएको रू.

| क्र.सं. | भौ.नं. र मिति | विवरण | हुनुपर्ने शिर्षक | भएको शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | ६४४-२०८०।१०।१७ | भ्रमण खर्च भुक्तानी | अनुगमन तथा मुल्याङ्कन खर्च(२२६११) | अन्य कार्यालय संचालन खर्च(२२३१९) | ३०००० |
| २ | २७१-२०८०।०७।०२ | सामाजिक परिक्षण कार्यक्रमको लागी रकम भुक्तानी | सेवा र परामर्श खर्च (२२४११) | नियम कानुन कार्यविधी निर्माण एवम कार्योन्वयन(२२५२२) | ४८४४६८ |
| ३ | ८९२-२०८०।१२।०८ | वैठक भत्ता भुक्तानी | कर्मचारीको वैठक भत्ता (२११३४) | अनुगमन मुल्याकंन खर्च(२२६११) | १३५१५० |
| ४ | १५४९-२०८१।०३।१६ | कर्मचारी वैठक भत्ता भुक्तानी | कर्मचारी वैठक भत्ता(२११३४) | भुमी व्यवस्थापन तथा सञ्चालन खर्च (२२५२२) | १४७०५० |
| ५ | १७४२-२०८१।०३।२४ | फिल्ड भत्ता भुक्तानी | अनुगमन मुल्याकंन(२२६११) | महंगी भत्ता(२११३२) | ५४००० |
| ६ | १७४२-२०८१।०३।२४ | फिल्ड भत्ता भुक्तानी | अनुगमन मुल्याकंन(२२६११) | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई ओषधि उपचार खर्च बाफत रू.५ हजार दरले उपलब्ध गराइने रकम (२६३३२) | १२९००० |
| ७ | १७५४-२०८१।०३।२४ | निर्माणको कार्यमा प्रयोग हुने ईन्धनको रकम भुक्तानी | १ देखि ६ वडा सम्म ग्राभेल तथा पानी पिच निर्माण कार्य (३११५९) | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च(२२३१५) | ३०५८८८ |
| | जम्मा | | | | १२,८५,५५६ |
| | | | | अनियमित भएको | १२,८५,५५६ |

२७ **कानुनी सल्लाहकार**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले रु.२९,७००। मासिक तलब भत्ता भुक्तानी हुने गरी श्री विर व.जेठारालाई नियुक्त गरी वर्षभरिमा रु३,५६,४००। भुक्तानी भएकोले उक्त रकम नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,५६,४०० |

२८ **चाडपर्व खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।कानुनी सल्लाहकार वीर व. जेठारा लाई मिति २०८०।०४।०८ गते नियुक्ति गरेकोमा नियुक्ति भए पश्चात चौथो महिनामै चाडपर्व खर्च वाफत रू.३०,०००। भुक्तानी भएको छ। यसरि छ महिना नपुग्दै करारको कर्मचारीलाई चाडपर्व खर्च भुक्तानी हुने व्यवस्था नभएकोले उक्त भुक्तानी नियम सम्मत देखिएन। अत:सम्बन्धितवाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

२९ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधा वापत रू.५४,०८,०५८। खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. १,८५,१४,२८५। रहेको छ।जुन आन्तरिक आयको २९.२१ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनुपर्दछ।

३० **दोहोरो यातायात सुविधा सम्बन्धमा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनूसूची-१ (क) मा सम्वन्धित स्थानीय तहबाट कुनै पनि सवारी साधन उपलब्ध नभएको कार्यपालिका सदस्यलाई मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाको सवारी साधन प्रयोग गरेका निम्न पदाधिकारीहरुलाई मासिक यातायात सुविधा समेत उपलब्ध गराएको देखियो । अत: पालिकाले दोहोरो सुविधा वापत भुक्तानी भएको रकम रू.९०,०००। सम्वन्धितवाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | पदाधिकारीको नाम | प्रयोग गरेको सवारि साधन | पद | |
|---|---|---|---|---|
| १ | मिथुन गौतम | से १ ब ८७३ मोटरसाइकल | वडा अध्यक्ष | १८००० |
| २ | गोविन्द विक | से १ ब ४३४ मोटरसाइकल | वडा अध्यक्ष | १८००० |
| ३ | मनऋषी आचार्य | से १ ब ११२३ मोटरसाइकल | वडा अध्यक्ष | १८००० |
| ४ | भोले राम चौधरी | से १ ब ३३० मोटरसाइकल | वडा अध्यक्ष | १८००० |
| ५ | रामकृष्ण डगौरा थारू | से १ ब ८७२ मोटरसाइकल | वडा अध्यक्ष | १८००० |
| जम्मा | | | | ९०,०००। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,००० |

३१ **महंगी भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयद्धारा मिति २०७९।०१।२१ गतेको मन्त्रालयको परिपत्रमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महंगी भत्ता उपलब्ध गराउने सम्बन्धी कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता

उपलब्ध गराउन नसकिने भनी परिपत्र गरेको देखिन्छ । पालिकाले यस वर्ष ९० जना करार कर्मचारीलाई महँगी भत्ता वापत मासिक रू.२०००।– का दरले रू.१०,४०,०००। रकम भुक्तानी गरेको छ । अतः पालिकाले ९० जना करार कर्मचारीहरूबाट असुल गर्नुपर्ने रकम रू.

| क्र.सं. | नाम | पद | भुक्तानी भएको महंगी भत्ता |
|---|---|---|---|
| १ | अंकिता भण्डारी | अ.न.मि. | १२००० |
| २ | अनिश कुमार डगौंरा | का.स. | १२००० |
| ३ | अप्सरा घोडासैनी | का.स. | १२००० |
| ४ | अमन चौधरी | का.स. | ६००० |
| ५ | अम्मर प्रसाद जैशी | का.स. | १०००० |
| ६ | अर्जुन प्रसाद ढुगांना जैशी | ह.स.चा. | १२००० |
| ७ | अर्पणा मल्ल | सामाजिक परिचालक | १२००० |
| ८ | आशिका कुमारी कठरिया | कृषि सहायक | १२००० |
| ९ | इन्दु कुमारी चौधरी | अ.न.मी. | १२००० |
| १० | इन्द्र कमल चौधरी | ल्याब असिस्टेन्ट | १२००० |
| ११ | उन्नती घर्तीमगर | पब्लिक हेल्थ नर्स | १२००० |
| १२ | उमा कुमारी डंगौरा | ल्याब असिस्टेन्ट | ६००० |
| १३ | कमला पौडेल | ल्याब असिस्टेन्ट | १२००० |
| १४ | कमला साउंद | क. अपरेटर | ६००० |
| १५ | करीना चौधरी | का.स. | १२००० |
| १६ | कैलाशपती चौधरी | का.स. | १२००० |
| १७ | कविता कठरिया | पब्लिक हेल्थ नर्स | १२००० |
| १८ | कृष्ण रिजाल | ह.स.चा. | १२००० |
| १९ | कुसुम महरा | अ.न.मि. | १२००० |
| २० | किशोर डंगौरा | का.स. | १२००० |
| २१ | गोकर्ण प्रसाद उपाध्याय | ह.स.चा. | १२००० |
| २२ | चुन्नी रानी चौधरी | का.स. | १०००० |
| २३ | जगरति चौधरी | हेल्थ असिस्टेन्ट | १२००० |
| २४ | ज्ञान बहादुर चौधरी | ह.स.चा. | १२००० |
| २५ | जमुना दमाई | का.स. | ६००० |
| २६ | टेक राज ओझा | का.स. | १२००० |
| २७ | तर्फराज खतिवडा | का.स. | ८००० |
| २८ | तुल्सी गौतम | सहायक चौथो | ६००० |
| २९ | देबेन्द्र बहादुर शाही | क.अपरेटर | १२००० |
| ३० | दिपक विश्वकर्मा | का.स. | १२००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | धन बहादुर चौधरी | ह.स.चा. | १२००० |
| ३२ | धिरेन्द्र बहादुर चौधरी | सहायक | १२००० |
| ३३ | नर बहादु चौधरी | सहायक चौथो | १२००० |
| ३४ | नवराज चौधरी | सहायक पाँचौ | ८००० |
| ३५ | निर्मल बहादुर चौधरी | का.स. | ८००० |
| ३६ | प्रेमशिला कठरिया | का.स. | ८००० |
| ३७ | पवित्रा पठायत | का.स. | ८००० |
| ३८ | पुष्पराज खतिवडा | हेल्थ असिस्टेन्ट | १२००० |
| ३९ | पुष्पा कुमारी कुश्मी डगौरा | सहायक चौथो | १२००० |
| ४० | पार्बती महरा | का.स. | १२००० |
| ४१ | मञ्जु कुमारी रावत | ल्याब असिस्टेन्ट | ८००० |
| ४२ | मदन प्रसाद खतिवडा | का.स. | १२००० |
| ४३ | मेलिना चौधरी | हेल्थ असिस्टेन्ट | ८००० |
| ४४ | मनीसा कुँवर | अ.हे.व. | ४००० |
| ४५ | महेश जोशी | सहायक चौथो | १२००० |
| ४६ | यज्ञराज खनाल | का.स. | १२००० |
| ४७ | युरिना कुश्मी | अ.न.मि. | १२००० |
| ४८ | युव राज खत्री | का.स. | १२००० |
| ४९ | युवराज कठरिया | सहायक चौथो | १२००० |
| ५० | रञ्जिता डगौरा | का.स. | ८००० |
| ५१ | राकेश डंगौरा | का.स. | ४००० |
| ५२ | रबि जनाला | का.स. | १०००० |
| ५३ | रमेश प्रसाद बराल | सहायक पाँचौ | ८००० |
| ५४ | राकेश डंगौरा | का.स. | १०००० |
| ५५ | राजमति कुमारी डगौरा | का.स. | १२००० |
| ५६ | राजेश चौधरी | का.स. | १२००० |
| ५७ | राम जनम चौधरी | सहायक पाँचौ | ८००० |
| ५८ | रामनाथ चौधरी | का.स. | १२००० |
| ५९ | रामलाल चौधरी | का.स. | १२००० |
| ६० | रितु कुमारी चौधरी | का.स. | १२००० |
| ६१ | लक्ष्मी पौडेल | हेल्थ असिस्टेन्ट | ८००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ६२ | लोचन रेग्मी | हेल्थ असिस्टेन्ट | ८००० |
| ६३ | वरमती देवी कठरिया | का.स. | १२००० |
| ६४ | विष्णु कुमारी बुढा क्षेत्री | अ.न.मि. | ८००० |
| ६५ | शम्शेर ढुगांना जैसी | का.स. | १२००० |
| ६६ | श्याम सुन्दर चौधरी | सब- ईन्जिनियर | १२००० |
| ६७ | शर्मिला रेग्मी | का.स. | १२००० |
| ६८ | सुजाता ज्ञवाली | अ.न.मि. | १२००० |
| ६९ | सञ्जना मल्ल | अ.न.मि. | ८००० |
| ७० | सुरेश डंगौरा | सुचना अधिकृत | १२००० |
| ७१ | सरिता कुमारी चौधरी | का.स. | १२००० |
| ७२ | सुस्मा बम | अ.न.मि. | ८००० |
| ७३ | सिजय चौधरी | का.स. | १२००० |
| ७४ | हिरा लाल ड. थारू | का.स. | १२००० |
| ७५ | करिष्मा चौधरी | सहायक चौथो | १८००० |
| ७६ | किस कुमार कठरिया | सहायक चौथो | १८००० |
| ७७ | टेक बहादुर बम | सहायक चौथो | १८००० |
| ७८ | पुरन बि.क. | सहायक चौथो | १८००० |
| ७९ | बीनीता भण्डारी | अमिन | १८००० |
| ८० | मोतीराम देवकोटा | अमिन | १८००० |
| ८१ | हेमन्त रोस्यारा | अमिन | १८००० |
| ८२ | हरिश खड्का | सहायक चौथो | १८००० |
| ८३ | झुमा कुमारी रिजाल | कार्यलय सहयोगी प्रथम स्तर | १८००० |
| ८४ | निर्मला जोशी | कार्यालय सहयोगी | १८००० |
| ८५ | तिर्थ ढुगांना | मेडिकल अधिकृत | १६००० |
| ८६ | बिराज मण्डल | मेडिकल अधिकृत | १४००० |
| ८७ | जयन्द्र कुँवर | सव-ईन्जिनियर | १६००० |
| ८८ | दिलिप ढुगांना | स-कम्प्युटर अपरेटर | १६००० |
| ८९ | दुर्गा डगौंरा | का.स. | १६००० |
| ९० | तुलसी गौतम | सहायक | ८००० |
| | कुल जम्मा | | १०,४०,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,४०,००० |

## ३२ कर कट्टा नगरेको

भौ. नं. १५५ मिति २०८०।०६।१० आयकर ऐन, २०५८ को दफा ८८ (१) को (५) मा भाडा भुक्तानीमा १० प्रतिशत ढुवानी कर लाग्ने व्यवस्था रहेको छ। लक्षित कार्यक्रमको लागी इशाक ट्रेडर्स बाट साउण्ड कुर्सी भाडामा लिए वापत रू.२१,०००। भुक्तानी भएकोमा १० प्रतिशत बहाल कर रू.२,१००। कट्टि गर्नुपर्नेमा रू.३१५ मात्र कट्टि भएकोले कट्टा गर्न बाँकी रकम रू.१,७८५। असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १,७८५ |
|---|---|

## ३३ सूचना प्रविधि तर्फ

३३.१ **सफ्टवेयरको उपयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा निश्चित लक्ष्य तथा मापदण्ड तोकी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार सफ्टवेयर खरिद तथा प्राप्त भएकोमा तलवी प्रतिवेदन बनाउने सफ्टवेयर र संयन्त्र स्वचालित पालिका व्यवस्थापन प्रणाली सफ्टवेयर निर्धारित उद्देश्यको लागि प्रयोगमा रहेको पाइएन । खरिद गरिएको सफ्टवेयर निर्धारित उद्देश्यको लागि प्रयोगमा ल्याउनु पर्दछ । सबै सफ्टेयर छरिएर रहेकोले एउटै प्रणालीमा आवद्ध हुने गरी सुचना व्यवस्थापन प्रणालीलाई एकिकृत र व्यवस्थित बनाउन पालिकाको ध्यान जानु पर्दछ ।

| सफ्टवेयरको नाम | विक्रेता वा दिने संस्थाको नाम | खरिद भएको भए खरिद रकम वा निशुल्क भए निशुल्क | हाल संचालनमा रहेको नरहेको वा हस्तान्तरण भएको | प्राप्त हुन आएको आ.व. |
|---|---|---|---|---|
| स्थानीयतह आय लेखा प्रणाली सफ्टवयर | शांग्रिला इन्फोटेक इङ्क काठमाण्डौँ | ९,५९,३७०.०० | सञ्चालनमा रहेको | २०७४/०७५ |
| संयन्त्र स्वचालित पालिका व्यवस्थापन प्रणाली सफ्टवयर | कोट फ्युजन टेक्नोलोजी काठमाण्डौँ | ४,९७,२००.०० | सञ्चालनमा नरहेको | २०७६/०७७ |
| Payroll | | ३,००,१४६.०० | सञ्चालनमा नरहेको | २०७६/०७७ |
| अनलाइन सिफारिस सफ्टवयर जडान | | ४,४१,०००.०० | सञ्चालनमा रहेको | २०७८/०७९ |
| अनलाइन ब्यवसाय दर्ता व्यवस्था प्रर्णाली सफ्टवयर | मोहोरेन वेवसफ्ट धनगढी,कैलाली | ४,३३,६२८.३२ | सञ्चालनमा रहेको | २०७८/०७९ |
| हस्पिटल सफ्टवेयर | रिद्धि सिद्धी सफ्ट भिमदत्तन.पा.,कञ्चनपुर | ४,९३,३६३ | सञ्चालनमा रहेको | २०८०/०८१ |

३३.२ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । पालिकाले हस्पिटल सफ्टवेयर खरिद गरी रू.४,९३,३६३। खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

३३.३ **सूचना प्रविधि पद्धति** - सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसँग सम्बन्धित प्रणाली, व्यवस्था ,प्रवेश नियन्त्रण लगायतका विषय समावेश हुन्छन्।सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन वाफत यो बर्ष रू.१६,०६,५५७। खर्च भएको विवरण प्राप्त भएको छ। पालिकाको सूचना प्रविधि नियन्त्रण

वातावरणका सम्बन्धमा निम्नानुसार देखिएको छ:

- कार्यालय स्वंयमको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रूपले भरपर्दो नभएको,

- सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धी सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,

- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म.ले.प.फाराम ९०३ मा नराखेको,

- सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको।

उल्लेखित ब्यहोरामा सुधार गरी सूचना प्रविधि पद्धति भरपर्दो र विश्वसनिय बनाउनुपर्दछ।

## ३४ कन्टिन्जेन्सी खर्चको उपयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ । पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापतको विवरण अध्यावधिक गरी राखेको देखिएन । तसर्थ, कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता ल्याउन र वैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ ।

## ३५ घर भाडा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन, जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडा कार्यालय लगायतका अन्य कार्यका लागी घरभाडा वाफत रू.१४,८०,९९६। भुक्तानी गरेको पाईयो। घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

## ३६ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आप्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसारको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | भौ.नं. / मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ६४८-२०८०।१०।१९ | नेपाल रेडक्रस सोसाईटी, कैलाली - रक्त संचार सेवाको लागी | १,००,००० |
| २ | १५५६-२०८१।०३।१७ | कैलाली उद्योग वाणिज्य संघ | ४,९२,५०० |
| ३ | १७३२-२०८१।०३।२४ | नेपाल रेडक्रस सोसाईटी कैलाली | १,००,००० |

## ३७ भ्रमण खर्च

सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ वमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण तथा अनुगमन मुल्याकंन खर्च वापत रू.२५,१४,३२०। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन:

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनिश्चित हुने विश्सनीय आधार नदेखीएको,

- भ्रमण पश्चात तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन पेश नगरी कतिपय भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,

- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,

- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको,

- कतिपय भ्रमण आदेशमा आदेश नं. र मिति नराखेको।

अत: तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

### ३८ नियम पालन नगरी बिज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६(क) को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार विज्ञापन वापतको रकम सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिल विना सोझै एजेन्सीको बिलको आधारमा भुक्तानी दिएको छ। अत: नियमावलीको व्यवस्था बमोजिम विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्दछ।

| क्र.सं. | भुक्तानीप्राप्तकर्ता | रकम |
|---|---|---|
| १ | निर्भिक मल्टिमिडिया हाउस | ६१००० |
| २ | कंचन विज्ञापन एजेन्सी | १७२४९० |
| ३ | दिक्षान्त विज्ञापन सेवा | ९९५१४ |
| ४ | एड फोक समल्टिपल बिजनेस प्रा.ली. | ११८००० |
| ५ | काबेरी मिडिया प्रा.लि. | ९५००० |
| जम्मा | | ५४६००४ |

### ३९ छाडा चौपाया व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा स्थानीय स्तरमा वातावरण संरक्षण गर्ने तथा पशु स्वास्थ्य व्यवस्थापनको भूमिका तोकिएको छ । पालिकाले आफ्नो क्षेत्रका सडकमा छाडिएका चौपायको संरक्षण तथा व्यवस्थापन गर्न एक समिति गठन गरिएको छ । उक्त समितिलाई सहयोग गर्न ६ जना हेरालुको ज्यालामा यो वर्ष १० लाख विनियोजन भएकोमा रू.९,६४,२७७। खर्च भएको छ । गत वर्ष असार मसान्तमा २०० चौपाया रहेकोमा यो वर्ष २०८१ असार अन्तिममा १८० मात्र चौपाया बाँकी रहेको अवस्थाले २० चौपायको मृत्यू भएको देखिन्छ ।वर्षेनी चौपाया मर्दै जाने र मल दुध लगायतका चौपाय उपजहरुको समेत हिसाव किताव नराखिएको अवस्था देखीयो । चौपायको उपजलाई व्यवस्थित गरी सोबाट प्राप्त रकमबाट धान्न सकिने गरी चौपाया व्यवस्थापन गर्न पालिकाको ध्यान जानु पर्दछ ।

| खर्चको शिर्षक | रकम |
|---|---|
| औषधिमा भएको खर्च | ० |
| चौपायको हेरालो ज्याला | ७,८१,७२२ |
| **जम्मा** | **७,८१,७२२** |

### ४० दाखिला प्रमाण पेश गर्नुपर्ने (पालिका चालु)

भौ.नं. ५९९ मिति २०८०।१०।०७ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ९५ अनुसार कार्यालयले खरिद गरि प्राप्त भएका जिन्सी सामान ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ। पालिकाले रोहीत एण्ड दर्शन ट्रेडर्स वाट इन्भटर एयर कन्डीसनर १ टन रू.१,९५,३४८।मा खरिद भएकोमा दाखिला नभएकोले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,३४८ |

४१ **सवारि साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सान वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। यस पालिकाले वर्षभरिमा सवारी साधन भाडा वापत रू.११,६४,०००। खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको, एक जना व्यक्ति मात्र कार्यालयको काममा जानु पर्ने अवस्थामा पनि गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाईयो। पालिकाबाट हुने प्रायजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटि देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययि हुनुपर्ने देखिन्छ। यस सम्वन्धमा केही उदाहरणहरूः

| क्र.स. | गो भौ न र मिति | प्रयोजन | खर्च रकम |
|---|---|---|---|
| १ | २८१-२०८०।०७।०२ | कार्यालय प्रयोजन | ८१९०० |
| २ | ३२७-२०८०।०७।१७ | कार्यालय प्रयोजन | ७२९०० |
| ३ | ३३२-२०८०।०७।१७ | कार्यालय प्रयोजन | ३१५०० |
| ४ | ७८४-२०८०।११।१५ | कार्यालय प्रयोजन | ७५६०० |
| ५ | ८६५-२०८०।१२।०४ | कार्यालय प्रयोजन | ११३४०० |

४२ **अनुत्पादक खर्च (पालिका चालु)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम मोबाइल तथा साइकल वितरणको कार्यक्रम राखि मोबाइल र साइकल खरिद गरि वितरण गरेको छ । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्धि के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | भलमन्सा र चौकिदारलाई साइकल खरिद गरि वितरण | ४७,४६० |
| २ | भलमन्सा र स्वयमसेविकालाई लाई साइकल खरिद गरि वितरण | १,४६,५०४ |

४३ **कार्यविधि निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कानून निर्माण कार्य वापत इएफआइ नेपाल प्रा.लि. लाई रू.३,८६,८५३।०० रकम भुक्तानी गरेको छ । पालिकाले आफ्नो मौजुदा जनशक्तिबाट कार्य हुनसक्ने अवस्थाको विश्लेषण नगरी थप व्ययभार पर्ने गरी फर्मलाई रकम भुक्तानी गरेको छ।यस्तो खर्च नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४४ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न

समयमा पटक पटक गरी रू.१४,९७,७६२।को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४५ **जरिवाना (विमा नविकरण-पालिका चालु)**

भौ.नं. ६५१ मिति २०८०।१०।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले विमा नविकरण ढिलो गरेकोले जरिवाना स्वरूप रू.२,१००। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,१०० |

४६ **भूमिहिनलाई जग्गा**

राष्ट्रिय भूमि आयोगको काम कर्तव्य र अधिकार अन्तर्गत भूमिहिन दलित सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरण गरी भूमिहिन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउने उद्वेश्यले गठन भएको राष्ट्रिय भूमि आयोगले स्थानीय तह मार्फत भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान लगत संकलन र प्रमाणिकरण गर्ने उल्लेख छ । सोहि उद्वेश्यले यस पालिका अन्तर्गत समेत विगत ४ वर्ष देखि ८ जना कर्मचारी कार्यरत रहेको र सोको पारिश्रमिक वापत वार्षिक रू.१८,००,०००।०० खर्च हुने देखियो । यस अवधिमा भएका कार्यहरुको विवरण निम्नानुसार छन ।

| **विवरण** | **संख्या तथा वर्गमिटर** |
|---|---|
| भूमिहिन दलितको लगत संकलन | १६६ |
| भूमिहिन सुकुम्बासीको लगत संकलन | २३३ |
| अव्यवस्थित बसोबासको पहिचान तथा सोको क्षेत्रफल | ६५३५ |
| सार्वजनिक जग्गाको पहिचान तथा सोको क्षेत्रफल | ३१० हेक्टर |
| पुर्जा वितरण व्यक्तिको संख्या | ६ परिवार |
| नियन्त्रण विन्दु स्थापना खर्च | १८७२४१० |
| कर्मचारी संख्या | ८ |

४७ **भुक्तानी दिन बाँकीको विवरण**

भौ.नं. १९३ मिति २०८०।०६।१७ आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण म.ले.प.फा.नं.२२१ प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले यो बर्ष जगदिश कुमार कठरिया लाई वडा कार्यालय संचालन तथा अन्य विविध खर्चको लागी रू.९७,०९२। भुक्तानी दिएकोमा गत वर्षको भुक्तानी प्रमाणित नभएकोले प्रमाण पेश हुनपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ९७,०९२ |

४८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ६ वडामा सुचिकृत बेरोजगार मध्ये यो वर्ष ६ योजना सञ्चालन गरी ८४ जनालाई औसत ९६ दिनले रु.१,५०,१७,६५२। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका

योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुनु पर्दछ।

| **वडा** | **कार्यक्रम** | **जम्मा खर्च रकम** | **रोजगार संख्या** | **औषत रोजगारी दिन** |
|---|---|---|---|---|
| १ | रोजगार योजना संचालन | ८,६८,४०० | १३ | १०० |
| २ | रोजगार योजना संचालन | ८,५१,७०० | १४ | ९५ |
| ३ | रोजगार योजना संचालन | ९,१६,८३० | १५ | ९२ |
| ४ | रोजगार योजना संचालन | ११,६८,०३८ | १६ | ९० |
| ५ | रोजगार योजना संचालन | ८,६८,४०० | १३ | १०० |
| ६ | रोजगार योजना संचालन | ८,६८,४०० | १३ | १०० |
| **जम्मा** | | **१,५०,१७,६५२** | **८४** | **९६** |

४९ **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसुची ३ को दफा ११ मा नयाँ लघु उद्यमी सिर्जना तर्फ विनियोजित कुल वजेटको २४ देखि ३३ प्रतिशत खर्च स्थानीय तहले सेवा करार सम्झौता गरी उद्यम विकास सहजकर्ता परिचालनमा खर्च गर्न सक्ने व्यवस्था छ। जसअनुसार कुल विनियोजित वजेट रू.१७,००,०००। को अधिकतम रू.५,६१,०००। खर्च गर्न पाउनेमा पालिकाले २ जना कर्मचारि नियुत्त गरि बर्षभरि रू.८,३२,०००। खर्च लेखेको छ। जुन खर्च गर्न पाउने अधिकतम सिमा भन्दा रू.२,७१,०००। बढी हो। यसरि निर्देशिकाले तोकेको सिमा भन्दा वढी खर्च हुनु नियम सम्मत देखिएन। अत: निर्देशिका विपरित भएको खर्च अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,७१,००० |

५० **फर्स्यौट गर्न बाँकी आ.ले.प. बेरूजु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ ।

५०.१

| क्र.सं. | बेरुजुको व्यहोरा | रकम |
|---|---|---|
| पालिका चालु | | |
| १ | भौ.नं.१५४ मिति २०८०।०६।१० विविध खर्च शिर्षकबाट रेनकोट १ थान र ल्यापटप झोला १ थान गरि जम्मा रु.८,९६४ बराबरको रकम दक्षिणकाली स्टेशनरी एण्ड सप्लायर्सलाइ भुक्तानी भएको देखियो । यसरी माथि उल्लेखित सामाग्री कसले माग गरी खरिद गरेको हो कसलाइ हस्तान्तरण गरियो एकिन नभएकोले नियमित गर्नुपर्ने रू. | ८९६४ |
| २ | भौ.नं. २०३ मिति २०८०।०६।१७ न्यु सुधा ट्रेर्ड एण्ड सप्लायर्सबाट माग कर्ता का. स. शमशेर ढुंगाना मार्फत जम्मा ४५ वटा झोला खरिद गरिएकोमा उक्त परिमाणको झोला वितरण गरेको भरपाई संलग्न नभएकोले संलग्न गरि नियमित गर्नुपर्ने रू. | ९७८४० |
| ३ | भौ.नं. ७८२ मिति २०८०।११।१५ सकारात्मक सोच तथा समता अभिवृद्धि सम्वन्धी एकदिने कार्यशाला गोष्ठी संचालन गरे वाफत चुरे मिडिया प्रा.लि. लाइ रू.९७,६८५। रकम भुक्तानी भएकोमा प्रशिक्षण र कार्यक्रम संयोजन तथा संचार भनि रू. २५,०००। तिन जनाले बुझेकोमा दुइ जना प्रशिक्षकको सो विषयको सम्वन्धमा विज्ञताको कागजात साथै प्रस्तुतिको slide संलग्न राख्नुपर्नेमा नराखेको साथै संचारको सक्कलविल पेश गर्नुपर्नेमा नगरेकोले पेश गरि नियमित गर्नुपर्ने रू. | २५००० |
| ४ | भौ.नं ८७१ मिति २०८०।१२।०४ न्यु एरा मिडिया एण्ड एड्भरटायजिगं प्रा. लि. लाई ठेक्काको सूचना प्रकाशन गरे वाफत रू.१,२८,७८२ रकम सम्झौता बेगर भुक्तानी भएकोले नियमित गर्नुपर्ने रू. | १२८७८२ |
| ५ | भौ.नं. १०९४ मिति २०८०।०९।२० सूचना प्रकाशन वाफतको रू.२१,६७० सेति महाकालि प्रा. लि. लाई आवश्यक कागजात संलग्न विना रकम भुक्तानि गरिएकोले नियमित गर्नुपर्ने रू. | २१६७० |
| ६ | भौ.नं. १२९६ मिति २०८१।०२।०९ बर्दगोरिया गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा इन्टरनेट जडान वाफत फाइवर नेट फारवर टेल प्रा. लि. लाई रू.५,८७,१०२ रकम भुक्तानी गर्दा १३ प्रतिशतले हुन आउने रकम कट्टि नभएकोले कर समायोजन पत्र संलग्न गरि नियमित गर्नुपर्ने रू. | ५८७१०२ |
| ७ | भौ.नं. १७४१ मिति २०८१।०३।२४ खानेपानी, स्वास्थ्य तथा सरसफाई सचेतना कार्यक्रम वाफतN WASH UNIT का कर्मचारी दिलिप ढुंगानालाई रू.८९,५३८. रकम भुक्तानी गरिएकोमा उक्त कार्यक्रमको प्रतिवेदन संलग्न नरहेको साथै कार्यक्रम पालिका भित्रै संचालन भएकोमा रू.१०,८००। बराबरको विल भरपाई असम्बन्धित स्थानको विल भरपाई संलग्न गरी रकम भुक्तानी गरिएकोले यसरि भुक्तानी भएको रकम रू.८९,५३८। नियमित गर्नुपर्ने रू. | ८९५३८ |
| ८ | भौ.नं. १७४२ मिति २०८१।०३।२४ प्राविधिक कर्मचारीहरुलाई मासिक प्राविधिक भत्ता रकम उपलब्ध गराउदा कार्यालय प्रमुखको आदेश हस्ताक्षर साथै दर्ता विनै भुक्तानी भएको रू.१,८३,०००। नियमित गर्नुपर्ने रू. | १८३००० |
| पालिका पुँजिगत | | |
| ९ | भौ.नं. १३५ मिति २०८१।३।१३ दोदोधरा अस्पतालको फर्निचर समाग्री खरिद वाफत सुदर्शन समिल काष्ट एण्ड स्टिल फर्निचर उद्योगवाट रू.३,१४,१७७। एउटै प्रकृतिको काम फरक फरक समय पारि टुक्रा गरिएको साथै मुल्य अभिवृदि कर समेत कट्टि नगरिएकोले कर समायोजन पत्र संलग्न गरि नियमित गर्नुपर्ने रू. | ३१४१७७ |
| शसर्त चालु | | |
| १० | भौ.नं. ३२० मिति २०८०।०१।०६ सार्वजनिक विद्यालयका विद्दार्थिहरुका लागि निशुल्क पाठ्यक्रम पुस्तक अनुदान अन्तर्गत कक्षा ११ र १२ को अनिवार्य विषय वाफतको रकम रू.१,३६,५१८।निकाशा गर्दा सक्कल विल भरपाई संलग्न नरहेकोले आवश्यक संक्कल प्रति सामेल गरि नियमित गर्नुपर्ने रू. | १३६५१८ |
| | **जम्मा** | **१५९२५९१** |

| अनियमित भएको | १५,९२,५९१ |
|---|---|

५०.२ **गरिबसंग विशेश्वर कार्यक्रम** - अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा सवै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सम्बन्धी खर्चको मापदण्डको ब्यवस्था गरेको छ। जसमा गाँउपालिकास्तरमा संचालन हुने कार्यक्रमका लागि सम्बन्धित कायालयले संचालन गरेको भए सहजकर्तालाई प्रति कार्यपत्र वापत रू.७०० दिन सकिने व्यवस्था छ।तर कार्यालयले

संचालन गरेको बेमौसमी तरकारी खेती प्रविधि सम्बन्धि तालिममा आन्तरिक प्रशिक्षकहरूलाई देहाय बमोजिम नर्म्स भन्दा वढी भुक्तानी भएको रू.६,६३०। असुल गर्नुपर्ने रु.

| नाम | पद | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | कर घटाई असुल गर्नुपर्ने रू. |
|---|---|---|---|---|
| झंकर रावत | कृ.अ. | ९००० | ४२०० | ४०८० |
| धिरेन्द्र चौधरी | कृ.प्र. | ३६०० | २१०० | १२७५ |
| रमेश प्रसाद देवकोटा | कृ.प्र. | ३६०० | २१०० | १२७५ |
| जम्मा | | १६२०० | ८४०० | ६६३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६३० |

५०.३ भौ. नं. ५८७ मिति २०८०।१०।०५ (पालिका चालु) कार्यालयको विभिन्न समयमा सवारी मर्मत तथा सम्भार गरे वाफत मनोज अटोमोबाइल्स सर्भिसेजलाइ रू.७८,०४०। बराबरको विल संलग्न रहेकोमा रू.७९,३३० रकम भुक्तानी भएको हुदाँ रु १,२९० बढि भुक्तानि रकम असुल उपर गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२९० |

## ५१ सामाजिक सुरक्षा तर्फ

५१.१ **सामाजिक सुरक्षा वितरण** - यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न २ वटा बैंक एन.आई.सि. एसिया र सानिमा बैकं लि. वाट जम्मा रु.१३ करोड ७९ लाख ५ हजार वितरण गरेको विवरण उपलब्ध गराएको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:-

| **क्र.सं.** | **सामाजिक सुरक्षा भत्ता पाउने समुह** | **वितरण गरेको संख्या** | **वितरण गरेको रकम** | **फिर्ता रकम** |
|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ७०९४ | ९०९०४८०५ | १६४७८० |
| २ | जेष्ठ नागरिक भत्ता(दलित) | १३८० | ११०१३६०० | १०२९७४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | ७६४ | ६५९११४० | ३०६७० |
| ४ | विधवा महिला | २४३१ | २००९०२३५ | ० |
| ५ | पूर्ण अपाङगता भत्ता | १७६ | २११८४४० | ८०२० |
| ६ | अति अशक्त अपाङगता भत्ता | ७८३ | ५०१९९८४ | ६५३० |
| ७ | दलित बालबालिका भत्ता | १५०८ | २१६७५८२ | ० |
| ८ | लोपोन्मुख जाति | - | - | - |
| | **जम्मा** | **१४१३६** | **१३७९०५७८६** | **३१२९७४** |

५१.२ **के वाइ सी अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्थामा छन् सो को विवरण उपलब्ध

गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

५१.३ **निष्क्रिय खाताको विवरण नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैँक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैँकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ।

## ५२ शिक्षा तर्फ

५२.१ **शैक्षिक गुणस्तर** – सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

५२.२ **संस्थागत विद्यालय अनुगमन** – पालिका भित्र २० निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनभिज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनत: दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। साथै,नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

५२.३ **विद्यार्थी संख्याको सत्यापन** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रवृत्ती, दिवा खाजा, सेनिटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परिक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या एकिन गर्नुपर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यपन गराई विद्यार्थी संख्या एकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ।यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी

संख्यालाई आधार मानि दिइने अनुदानमा त्यस्तो अनुदान दिनु पूर्व अनिवार्यरुपमा सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ।

५२.४ **विद्यालयको लेखापरीक्षण** - पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकाले विद्यालयको आ.व. २०७९।८० को लेखापरीक्षण गर्न १७ विद्यालयहरुलाई रु.२,००,०००। भुक्तानी गरेको छ । आ.व. २०८०।८१ को लेखापरीक्षणको क्रममा सबै विद्यालयले लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा वुझाएको देखिन्छ। पालिकाले लेखापरीक्षण प्रतिवेदनमा देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नु पर्दछ ।

५२.५ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान** – भौ.नं. १५७ मिति २०८०।१२।१४ शिक्षा तथा मानव श्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ को २.८.५ को क्रियाकलाप २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रयोजनको लागि वार्षिक रु.१२,०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले १७ वटा विद्यालयलाई इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय रू.१२,०००।०० को दरमा रु.२,०४,०००।०० रकम निकासा भएकोमा विद्यालयमा इन्टरनेट जडान तथा प्रयोगको अवस्थाबारे पालिकाबाट नियमितरुपमा अनुगमन हुनुपर्दछ।

५२.६ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यसपालिका अर्न्तगत रहेका १७ सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात देहाय अनुसार रहेको छ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक पदपूर्ती | विद्यार्थी संख्या | शिक्षक विद्यार्थीअनुदान |
|---|---|---|---|---|
| १ | श्रीमा.वि. कोटातुल्सीपुर | १८ | ६२३ | १:३४ |
| २ | श्री जनताअधारभूतविद्यालयकोइली भुरुवा | १० | २६२ | १:२६ |
| ३ | श्रीमोहन्याल आ.वि. जोकाही | ४ | ९८ | १:२५ |
| ४ | श्रीकालिकामा.वि. नौनिया | १४ | ८२६ | १:५९ |
| ५ | श्रीसरस्वतीप्रा.वि. बैदीपुर | ३ | ७८ | १:२६ |
| ६ | श्रीपारस आ.वि. जगतपुर | ३ | ८४ | १:२८ |
| ७ | श्रीलक्ष्मी आ.वि. तुल्सीपुर | ४ | ९५ | १:२४ |
| ८ | श्रीजगन्नाथप्रा.वि. निमुवाबो | ५ | १५७ | १:३१ |
| ९ | श्रीबसन्तमुरारीमा.वि.बौनिया | २२ | १५४६ | १:७० |
| १० | श्री जगदम्बिकेभगवतीमा.वि.रानीकुण्डा | १४ | ७४१ | १:५३ |
| ११ | श्री मोति भागीरथीअधारभूतविद्यालयकुम्भिया | ८ | ४२३ | १:५२ |
| १२ | श्री नारायणअधारभूतविद्यालयवेलुवा | ८ | १५९ | १:२० |
| १३ | श्री बालकन्याआधारभूतविद्यालयकट्टीपुर | १२ | ९२८ | १:७७ |
| १४ | श्रीमोहुन्यालमा.वि. बास्कोटी | २० | १२९९ | १:६५ |
| १५ | श्रीपशुपतिप्रा.वि. दोदोधरा | २ | ६९ | १:३५ |
| १६ | श्रीन्यु ज्योतीप्रा.वि.रानीकुण्डा | ५ | २२६ | १:४५ |
| १७ | श्रीनैनप्रा.वि. झगडपुर | २ | १२४ | १:६ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:२० देखि १:७७ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको देखिन्छ। अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

५२.७ **नीजि शिक्षक** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले १७ विद्यालयमा ६१ जना नीजि शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.२,२०,७०,७९९। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले यस्तो भुक्तानी नियम सम्मत देखिएन।यस्तो भुक्तानी नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | त्रैमासिक | भुक्तानी रकम | विद्यालय | शिक्षक संख्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | प्रथम | ७३२८००० | १७ | ६१ | आन्तरिक श्रोत र राजस्व बाँडफाँड |
| २ | दोस्रो | ५३९४००० | १७ | ६१ | |
| ३ | तेस्रो | ४५८१३३३ | १७ | ६१ | |
| ४ | चौथो | ४७६७४६६ | १७ | ६१ | |
| **जम्मा** | | **२,२०,७०,७९९** | | | |

५२.८ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ। यस वर्ष १७ वटा विद्यालयलाई जम्मा रु.१५,३९,८३०।०० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना हुनुपर्दछ।

५२.९ **दिवा खाजा** - आर्थिक वर्ष २०८०/८१ को लागि शिक्षा, विज्ञान तथाप्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अनुदानबाट कुल १७ विद्यालयका लागि खाजा वापत रु.६४,३४,८८०।०० विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाइएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छ छैन एकिन हुन सकिएन।त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

५२.१० **शैक्षिक अनुदान तर्फ** - कार्यक्रम कार्यान्यिन पुस्तिका २०८०।८१ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०८०।८१ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएको अनुदान रकम कार्यान्वियन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वियन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | विद्यालय संख्या | रकम |
|---|---|---|---|
| १ | पाठ्यपुस्तक अनुदान | १७ | ४४,२४,१२८ |
| २ | छात्रवृति | १७ | १३,५७,००० |
| ३ | दिवा खाजा | १७ | ६४,३४,८८० |
| ४ | शिक्षण सहयोग अनुदान | ७ | ५८,२६,७६७ |
| | **जम्मा** | | १,८०,४२,७७५। |

## ५३ औषधी खरिद

पालिकाले यो बर्ष रू.५६,९०,४८४। को औषधि खरिद गरेको छ।जसलाई निम्नानुसार देखाउन सकिन्छ।

| क्र.सं. | खरिद विधि | फर्मको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | टेन्डर | Uniglobe Drug Suppliers | १७३७७५५ | ६३७५७८ | ६३ | ६३७५७८ |
| २ | टेण्डर | मानसरोवर मेडीहेल्थ प्रा.लि. | ९९९१०० | २०८९१ | ९८ | २०८९१ |
| ३ | कोटेसन | Sky medico Suppliers | १७४९९७४ | १३९७९०१ | २० | १३९५७०६ |
| ४ | कोटेसन | सुबिसु मेडिसिन सप्लायर्स | १४५४०१५ | १०९०८०४ | २५ | १०९०८०४ |
| ५ | कोटेसन | राधाकृष्ण फार्मेसी | ९९७७५० | ७९८२०० | २० | ७९८२०० |
| ६ | कोटेसन | योजन मेडिसेल्स | २१८४७० | २०८९७१ | ४ | १९८१९० |
| ७ | कोटेसन | त्रिजल मेडिसिन | ४९९०६८ | ३४९४७८ | ३० | ३४९४७८ |
| ८ | कोटेसन | मुट्ठी ईन्टरप्राईजेज | ७००००० | ५९४०५७ | १५ | ५९४०५७ |
| ९ | कोटेसन | लोटस फार्मेसी | ८४३०५२ | ६०५५८० | २८ | ६०५५८० |

पालिकाले दिएको विवरण लाई विश्लेषण गर्दा ई-बिडिङ्ग मार्फत खरिद कार्य गर्दा लागत अनुमानको ९८ प्रतिशत सम्म घटीमा ठेक्का रकम स्विकृत भएको छ भने सोझै खरिद मार्फत खरिद कार्य गर्दा लागत अनुमानको ३० प्रतिशत घटीमा सम्झौता भएको छ। टेण्डर मार्फत खरिद कार्य गर्दा लागत अनुमानको ९८ घटिमा ठेक्का स्विकृत भएकोले औषधि खरिद गर्दा प्रतिस्प्रर्धात्मक विधि मार्फत खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। साथै, पालिकाले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## ५४ कोभिड तर्फको आय व्ययको विवरण

कोभिडतर्फको आय व्ययको विवरण निम्नानुसार रहेको विवरण प्राप्त भएको छ। यस कोषबाट यस बर्ष कुनै खर्च नभएको र यसरी कोषमा निस्क्रिय रकम राखी रहनु आबश्यक नभए दाखिला गर्नुपर्दछ ।

| आम्दानी स्रोत | रकम रु. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|
| गत बर्षको बाँकी | ४८६,३०८ | राहत वितरण | ० |
| स्थानीय तहको आफ्नै बजेटवाट | ० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ० |
| संघीय कोभिड कोषवाट | ० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ० |
| प्रदेश कोभिड कोषवाट | ० | आइसोलेसन केन्द्र निर्माण | ० |
| अन्य स्रोतबाट | ० | खोप कार्यक्रम खर्च | ० |
| | | जोखिम भत्ता | ० |
| | | अन्य खर्च | ० |
| | | बाँकी | ४,८६,३०८ |
| **जम्मा** | **४,८६,३०८** | **जम्मा** | **४,८६,३०८** |

## ५५ कृषि पकेट क्षेत्र कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रम अन्तर्गत गँहुबाली पकेटमा यो वर्षमा ५० प्रतिशत अनुदानमा रू.१,८०,२४५। खर्च भएको छ। पालिकाले एकिकृत रुपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन गरी मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुकानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क्र. सं. | गो भौ नं र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ५१६-२०८१।०३।२४ | गँहुबाली पकेट विकास कार्यक्रम | मनिसा एग्रो सेन्टर | १,८०,२४५। |

## ५६ अनुदान वितरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष पालिकाको पुँजिगत बजेट शिर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्महरुलाई विभिन्न कृषिजन्य तथा आय आर्जन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले रकम तथा वस्तुगत अनुदान उपलव्ध गराएको छ। यसरी रकम खर्च गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको विधि पारदर्शी तथा स्पष्ट नीतिगत व्यवस्था तयार भएको देखिएन। त्यसैगरी प्रदान गरिएका कृषि उपकरण तथा अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन। तसर्थ अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्दछ। वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना

गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको सुनिश्चितता गर्नुपर्दछ। कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस बर्ष पालिकावाट निम्नानुसार खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **क्र.सं.** | **गो.भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी रकम रु** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ४-२०८०।०८।०७ (कृषि चालु) | ५० % अनुदानमा व्यवसायिक कृषकहरूको लागी हिउदे तरकारी वालीको विउ वितरण | २,६६,३४५। | वितरण मापदण्ड नभएको |
| २ | २०-२०८०।१०।१७ (कृषि चालु) | ५० % अनुदानमा च्याउको बिउ वितरण | ९३,३९०। | वितरण मापदण्ड नभएको |
| | | **जम्मा** | ३,५९,७३५। | |

## ५७ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४, को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार रू.३०,३२,८६१।को मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु. अ. कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन ।

| क्र.सं. | सप्लायर्सको नाम | ठेगाना | कारोबारको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | मधूवन मिडिया इन्टरनेशनल प्रा.लि. | अनामनगर काठमाण्डौँ | विभिन्न शिर्षकमा जनचेतनामुलक सन्देशहरु (PSA) उत्पादन | ४,४०,०००. |
| २ | एस पि टेक्निकल एण्ड म्यानेजमेन्ट प्रा.लि. | धनगढी ०३ कैलाली | GESI Report | ८८,००० |
| ३ | महामाया स्क्रिन अफसेट प्रेस | धनगढी कैलाली | छपाइ सामाग्री | ६०,००० |
| ४ | शुशान्त स्टिल एण्ड सप्लायर्स | बर्दगोरिया ०१ सडकपुर बौनियाँ कैलाली | फर्निचर सामाग्री | ४४,६५८.१८ |
| ५ | एन .बि. भट्ट जनरल स्टोर | बर्दगोरिया ०१ सडकपुर बौनियाँ कैलाली | सरसफाइ सामाग्री | १६,२६०. |
| ६ | प्रगति भेट सप्लायर्स | टिकापुर -१ कैलाली | पशु उपचार उपकरण खरिद | १९,८००.०० |
| ७ | रिद्धिसिद्धी सफ्ट | भिमदत्त न.पा., कञ्चनपुर | सफ्टवयर खरिद | ४,४२,४७७.८७ |
| ८ | ए.आर.रिसर्च सेन्टर | बेलौरी न पा ०८,कञ्चनपुर | ऐन /कार्यविधि निर्माण | ८७,६००.०० |
| ९ | गडतोला ट्रेडर्स | धनगढी कैलाली | कार्यालय व्यवस्थापनको लागि डेस्कटप कम्प्युटर खरिद | ८,६७,२५६.६० |
| १० | मालिका माई ट्रेड | जोशिपुर गा पा ०२ कैलाली | स्टेशनरी खरिद | ८०,९८०.०० |
| ११ | कृतिका ट्रेडर्स एण्ड सप्लायर्स | धनगढी -०१ कैलाली | कार्यालय व्यवस्थापनको लागि प्रिन्टर तथा अन्य इलेक्ट्रकल सामाग्री खरिद | ४,०१,७६९.८५ |
| १२ | सरस्वती एग्रो सेन्टर | सडकपुर बौनिया कैलाली | कृर्षि जन्य सामाग्री खरिद | ९९,५००.०० |
| १३ | शुलभ अर्थमुभर्स | धनगढी ०३-कैलाली | सवारी साधन मर्मत का लागि आवश्वयक सामाग्री खरिद | ६७,८३१.०६ |
| १४ | हुनैनाथ कन्सल्टिङ्ग प्रा.लि. | काठमान्डौ-२९ मैतिदेवी, नेपाल | परिक्षण प्रतिवेदन तयार | ४,३४,५००.०० |
| | जम्मा | | | ३०,३२,८६१। |

५८ **गा.पा. पूँजीगतबाट चालु खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहले पालना गर्नुपर्ने बजेट शीर्षक समेतको व्यवस्था छ। तर पालिकाले सम्बन्धित कार्यक्रममा खर्च गर्नुपर्नेमा पूँजीगत शीर्षकमा विनियोजन भएको रकमबाट निम्नानुसार चालु प्रकृतिको रु.५०,४६,५९९। खर्च गरेको छ। विनियोजित बजेट तथा आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या भन्दा फरक गरी गरेको खर्च नियम सम्मत नदेखिएको रु

| क्र.सं. | भौ.नं. र मिति | भुक्तानी पाउने | वजेट विनियोजन भएको कार्यक्रम | वजेट खर्च भएको कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | ६-२०८०/०६/२१ र १७२-२०८१/०३/०५ | बर्दगोरिया इभेन्ट एण्ड प्रा.लि. | गत बर्षको भुक्तानीको लागी विनियोजित रकम | तालिम तथा विविध खर्चमा भुक्तानी | २,९४,३६० |
| २ | ७३-२०८०/१२/१४ र २१७-२०८१/०३/२४ | बर्दगोरिया कलेज | पूँजी निर्माणको लागिरु. ५०,००,०००/- अनुदान विनियोजन भएको | विनियोजन भएको रु. ५०,००,०००/- पूँजी निर्माणमा खर्च गर्नुपर्नेमा कलेजले शिक्षक तथा कर्मचारीको तलब भत्ता बुझेको प्रतिलिपिको आधारमा ३७,०५,८५० र मसलन्दमा ४,९३,९५५/- गरी ४१,९९,८०५/- खर्च गरेको | ४१,९९,८०५ |
| ३ | १३२-२०८१/०३/१० | सुदर्शन सःमिल काष्ठ एण्ड स्टिल फर्निचर उद्योग | फर्निचर तथा फिक्चर्सकार्यक्रमको लागी विनियोजित रकम | लोबेड,डस्ना, बेडसिड, सिरानी आदि खरिदमा रकम खर्च भएको | ९२,४३४ |
| ४ | १४९-२०८१/०३/१८ | सुदूरचित्र मिडिया नेटवर्क प्रा.लि. | राजकुलो सामुदायिक वनक्षेत्र तार जाली घेरबार कार्यक्रमको लागी विनियोजित रकम | जनचेतना सम्बन्धि विज्ञापनमा खर्च भएको | २०,००० |
| ५ | १९२-२०८१/०३/२२ | २१ जना कर्मचारी | खानेपानीको क्षेत्रगत सुधारको लागी सहलगानी कार्यक्रममा विनियोजित वजेट | बैठक भत्तामा भुक्तानी | ४,४०,००० |
| | जम्मा | | | | ५०,४६,५९९ |
| | | | | अनियमित भएको | ५०,४६,५९९ |

५९ **डी. पि. आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसार डि.पि.आर वापत आ. व. २०७९।८० मा रू.३५ लाख ७४ हजार र यो वर्ष रू.१४ लाख २५ हजार समेत विगत २ वर्षमा रू.४९ लाख ९९ हजार खर्च भएको देखियो । गत वर्ष डिपिआर भएका योजनाहरूको यो वर्षको अन्त्य सम्म पनि ठेक्का व्यवस्थापन हुन सकेको देखिएन । कार्यान्वियन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वियनमा नआउदा मुल्य वृद्दि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डि.पि.आर निर्माणमा खर्च गर्नुपर्दछ ।

| आ.व.२०७९।८० | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **भुक्तानी पाउने फर्मको नाम** | **कूलखर्च रकम** |
| १ | बहुउद्वेश्यिय कभर्डहलको बिस्तृत परियोजना निर्माण | श्री सुप्रिम ईन्जिनियरिङ्ग कन्सल्टेन्सि | १६,२५,००० |
| २ | मौजुदा सडकको विस्तृत नक्साकंन तथा भवन नक्सा तथा अभिलेखिकरण | भि. वि. विल्डर्स एण्ड ईन्जिनियर्स प्रा.लि. | १९,४९,८९१ |
| | **जम्मा** | | **३५,७४,८९१** |
| | आ.व.२०८०।८१ | | |
| १ | बर्दगोरिया कलेज तथा कोल्ड स्टोर | | १४,२५,७०० |
| | **जम्मा** | | **१४,२५,७००** |

### ६० **पुँजिगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई सम्भव भए सम्म खुला पारदर्शी र प्रर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कूल पुँजिगत खर्च रू.१८,४५,५७,०१४।२० मध्ये रू.१२,५२,११,५२१। अर्थात ६७ प्रतिशत खुला प्रतिस्पर्धाको माध्यमबाट, रू.३०,३२,८६१। अर्थात १.६ प्रतिशत सोझै खरिदको माध्यमबाट, रू.२,८५,८९,९५६। अर्थात १५ प्रतिशत उपभोक्ता वा लाभग्राही समुदायबाट खरिद भएको देखिएको छ। खरिदलाई बढि प्रतिस्पर्धात्मक र खुला बनाउन पालिकाको ध्यान जानुपर्दछ।

### ६१ **ठेक्काको म्याद समाप्त**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) मा काबू बाहिरको परिस्थिति आएमा, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्ने व्यवस्था रहेको छ । ठेक्का नं. १०/२०८०/०८१ मोहन्याल मा.वि.को भवन निर्माण गर्नको लागि मिति २०८०/०८/०६ को सम्झौता अनुसार रु.१,२४,४७,३५२। १० मा मिति २०८१/०३/०६ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हाल सम्म रु.३८,८५,८८८।७६ अर्थात ३२.५ प्रतिशत मात्रै खर्च गरि कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ ।पालिकाले यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी सम्झौता गरी सम्पन्न नगरी अधुरो रहन गएको कार्य उपयुक्त देखिएन ।

### ६२ **सवारी साधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पाङ्ग्रे सवारि साधन खरिदमा रू. ८,६५,११९। र १ थान चार पाङ्ग्रे सवारि साधन खरिदमा रू.१,०४,८०,०००। गरि जम्मा रू.१,१३,४५,११९। खर्च गरेको छ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | ३ | ८,६५,११९ |
| २ | ग्रेडर | १ | १,०४,८०,००० |
| | **जम्मा** | ४ | १,१३,४५,११९ |

६३ **पेश्की जमानतको म्याद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा बैकं जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फस्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ। ठेक्का नं. १८/२०८०/०८१ चन्द्र विकास/ श्रेष्ठ/ रेसु जे.बि.लाई ग्लोबल आई ए मी बैंकको पेश्की जमानत २०८१/०३/१९ सम्मको म्याद रहेको रु.१९,९०,०००/- पेश्की जमानत राखेकोमा म्याद समाप्त भएको देखिन्छ । बैंक जमानतको म्याद नाघेको उक्त निर्माण फर्मको पेश्की रु.१९,९०,०००/- को पेश्की जमानतको म्याद थप भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा नियम बमोजिम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,९०,००० |

६४ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।यस बर्ष पालिकाले उपभोत्ता समिति मार्फत रू२ करोड ८५ लाख ८९ हजारको कार्य गरेको छ। यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्प्रर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन,

| क्रसं | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | राधाकृष्ण मन्दिर निर्माण वडा नं ०६ | राधाकृष्ण मन्दिर निर्माण | ४९४२७३ |
| २ | एफ जी टि सामुदायिक मण्डली बास्कोटीको फलसिलिंग नि. उ. स. | एफ जी टि सामुदायिक मण्डली बास्कोटीको फलसिलिंग निर्माण | ३००००० |
| ३ | वडा नं ३ स्थित बुटकौवा पिपल चौतारामा अधुरो प्रतिक्षालय निर्माण उ. स. | वडा नं ३ स्थित बुटकौवा पिपल चौतारामा अधुरो प्रतिक्षालय निर्माण | ४५५३८३ |
| ४ | Small Irrigation Boring Joints Works U.C. | Small Irrigation Boring Joints Works | २०२७१७४ |
| ५ | पिकनिक स्पोर्ट स्थलमा ट्रस घर गेट र नल्का निर्माण उ. स. | पिकनिक स्पोर्ट स्थलमा ट्रस घर गेट र नल्का निर्माण | ३११८२१ |
| ६ | चित्रकुट भवन निर्माण उ. स. | चित्रकुट भवन निर्माण | १९९५५२१ |

६५ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

६६ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## ६७ आन्तरिक आयतर्फ

६७.१ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६७.२ **विज्ञापन कर**- नेपालको संविधानको अनुसूची ९ को बुदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ्ग वोर्ड ब्यानर तथा माईकिङ्ग मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक, युट्युव, ईन्स्टाग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

६७.३ आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाको विगत तिन बर्षको नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

(रू.हजारमा)

| केन्द्रीय अनुदानबाट खर्च | | | आन्तरिक आय | | | आन्तरिक आय प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०८०।०८१ | आ.व. २०७९।८० | आ.व. २०७८।७९ | आ.व. २०८०।०८१ | आ.व. २०७९।८० | आ.व. २०७८।७९ | आ.व. २०८०।०८१ | आ.व. २०७९।८० | आ.व. २०७८।७९ |
| ४०९२५१ | ४५५९४० | २९६९८७ | १८५१४ | १७९३७ | २४७२२ | ४.५२ | ४ | ८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा आ.व. २०७८। ०७९ मा ८ प्रतिशत, आ.व. २०७९।८० मा ४ प्रतिशत र आ.व. २०८०।०८१ मा ४.५२ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

६७.४ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.१,५०.००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १,८५,१४,२८५ अर्थात अनुमानको २३.४२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

| आय शीर्षक | अनुमान (बजेटको) | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५१००००० | ३१३७९४४ | ६१ |
| घरजग्गा वहाल कर | १००००० | ६४०४२० | ६४० |
| व्यवसाय कर | ० | ० | ० |
| वहाल विरौटी शुल्क | २५००० | १८६५ | ७ |
| भूमिकर/मालपोत | ३१००००० | १३०५० | ०.४२ |
| बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर | | १५००० | |
| बाँडफाँड भई प्राप्त हुने विज्ञापन कर | ० | १०५७९० | |
| मनोरञ्जन कर | १०००० | ३१४५० | ३१४ |
| अन्य कर | ० | १०९३७५८९ | |
| सरकारी सम्पतिबाट प्राप्त बहाल कर | २५००० | ० | |
| अन्य स्रोत बाट प्राप्त रोयल्टी | ० | ५१८४८० | |
| अन्य विक्रीबाट प्राप्त रकम | ० | ३००० | |
| न्यायीक दस्तुर | २००० | १५०० | ७५ |
| अन्य प्रशासनीक सेवा शुल्क | ० | २२००० | |
| नक्सापास दस्तुर | १००००० | १८९५१ | १९ |
| सिफारिस दस्तुर | ३२३८००० | ११२८०६६ | ३५ |
| व्यक्तिगत घटना दस्तुर | ५००००० | ३६२३०० | ७२ |
| नाता प्रमाणित दस्तुर | १००००० | ४६४०० | ४६ |
| अन्य दस्तुर | १५००००० | १३३८५८५ | ८९ |
| व्यवसाय रजिस्ट्रेसन दस्तुर | ३००००० | ० | |
| अन्य राजश्व | ० | ३००० | |
| वेरुजुबाट प्राप्त | ० | १८७८९५ | |

| | | | |
|---|---|---|---|
| **जम्मा** | १,५०,००,००० | १,८५,१४,२८५ | १२३.४२ |

६७.५ **राजश्व दाखिला** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गत ६ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको एकिन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।

## ६८ सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

## ६९ डोजरको मर्मत तथा आम्दानी

पालिकामा रहेको डोजर, लोडरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.३,७६,३३७। खर्च गरेकोमा उक्त डोजर भाडामा लगाएबापत कार्यालयले कुनै पनि आम्दानी गरेको छैन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | डोजर | १ | १४३,७६,३३७ | ० |

## ७० प्रदेश कानूनको कार्यान्वयन

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची ३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ । साथै ऐनको अनुसूची ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन । प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयन ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाले ध्यान दिनुपर्दछ ।

## ७१ कानूनी व्यवस्था

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम्

माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ढुंगा गिटी वालुवा वापत रू .१ करोड ७६ लाख ३८ हजार ७२३ संकलन गरेकोमा स्थानीय सरकार संचालन ऐनको व्यवस्थालाई आधार लिई कुनै पनि रकम प्रदेश संचित कोषमा पठाएको देखिएन । कानुनी व्यवस्थाहरु एक आपसमा बाझिने गरी बनाएको अवस्थाले प्रदेश आर्थिक ऐन कार्यान्वयन हुन सकेको देखिएन । कानूनी व्यवस्थामा आवश्यक सुधार ल्याउनु पर्दछ ।

७२ **नदि जन्य पदार्थमा रोयल्टी**

७२.१ ढूंगा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं. ९ मा जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा ९ सदस्यीय अनुगमन समिति रहने र सो समितिले पालिका अन्तर्गको नदिजन्य पदार्थ उत्खननको अनुगमन गर्नुका साथै सम्बन्धित पालिकाले समेत नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गतका नदीबाट नदिजन्य पदार्थ उत्खनन् गर्ने उद्देश्यले गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा १,३५,१९४ घन मिटर उत्खनन गर्न मिल्ने उल्लेख छ । पालिकाले सोही परिमाणलाई आधार लिएर ठेक्का लगाउने उद्देश्यले पटक पटक बोलपत्र आहवान हुदा पनि कुनै बोलपत्रदातासंग ठेक्का व्यवस्थापन हुन सकेकोले अमानतबाट वडा नं. १, २, ३ र ४ का नदिहरुबाट ७३,६६४ घन मिटर परिमाण विक्री गरी रू.१,७६,३८,७२३। रोयल्टी संकलन गरेको देखियो । पालिका तथा सम्बद्ध निकायले उत्खनन गरिएका नदिहरुको अनुगमन गरी तोकिएको कानुनी प्रकृया पुरा गरी संकलित परीमाणअनुसार राजश्व संकलान भएको भनी सुनिश्चित गरेको छैन ।यस्तो अबस्थामा तोकिएको परिमाण भित्र रही यथार्थरुपमा राजश्व संकलन भएको भनी बिश्वस्त हुने अबस्था देखिदैन । यसमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।

७२.२ यो वर्ष पालिका अन्तर्गतका ४ वटा नदिमा नदिजन्य पदार्थ उत्खनन् गर्ने गरी आय ठेक्का बन्दोबस्त गरेकोमा वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको १,३५,१९३.९८ परिमाण तथा तोकेको दरको आधारमा न्युनतम अनुमानित रकम वाट प्रतिस्प्रर्धा गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा निम्न अनुसार अमानतमा राजश्व संकलन गरी न्युनतम परिमाण भन्दा ६१,५३०.५० घटि परिमाण संकलन गरेको देखाई अर्थात अनुमान भन्दा रू.१,४७,३३,०६९।९२ घटी आम्दानी भएको देखिन्छ। अमानतबाट राजश्व संकलन गर्दा लागत खर्च रु.२० लाख अर्थात अमानतबाट संकलन भएको रकमको ११.३४ संकलन खर्च लागेको छ। ठेक्का प्रकियावाट संकलन हुन कठिनाई भए बिगतमा ठेक्काबाट संकलन भएको रकमभन्दा घटी संकलन भएको अबस्थामा सो लाई प्रमाणित गर्ने अनुगमन प्रतिबेदन लगायतका प्रमाण कागजात नभएको अबस्थामा बिगतमा ठेक्काबाट संकलित रकमभन्दा घटी नहुने सुनिश्चितता हुनुपर्दछ । सो बेगर संकलित परीमाण अनुसार यर्थातरुपमा राजश्व अशुल गरी दाखिला भएको छ भनी बिश्वस्त हुने अबस्था देखिदैन ।

| **क्र.सं.** | **कामको विवरण** | **IEE तथा ठेक्का अनुसार** | | | **अमानत वाट आम्दानी** | | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण(घन मि.) | दररेट | रकम | परिमाण(घन मि.) | दररेट | रकम |
| १ | ठेक्का नं.02/BRM/NCB/2080.081 (भिजुवा नदी) | २९९२५.४० | २३९.४५ | ७१६५५४७.२५ | २८०८५.९४ | २३९.४५ | ६७२५१७९.२४ |
| २ | ठेक्का नं.03/BRM/NCB/2080.081 (काडा नदी) | ३७१३०.८५ | २३९.४५ | ८८९०८७० | १६१०३.३५ | २३९.४५ | ३८५५९४७.१५ |
| ३ | ठेक्का नं.04/BRM/NCB/2080.081 (कुईरा नदी) | ३४२६४ | २३९.४५ | ८२०४४१२ | ४२९२.१२ | २३९.४५ | १०२७७४८.४४ |
| ४ | ठेक्का नं.05/BRM/NCB/2080.081 (पथरैया नदी) | ३३८७३.७३ | २३९.४५ | ८११०९६३.०२ | २५१८२.०७ | २३९.४५ | ६०२९८४८.१७ |
| | **जम्मा** | **१३५१९३.९८** | | ३२३७१७९२.९३ | **७३६६३.४८** | | १७६३८७२३.०१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बर्दगोरिया गाउँपालिका, कैलाली , बर्दगोरिया गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | PRAKASH DHUNGANA | २०८०-९-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Arjun Singh Karki | २०७५-१-१३ | २०८०-८-१७ |
| लेखा प्रमुख | DHARMA RAJ UPADHYAYA | २०७८-१२-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६६६,९४५ | ८,६५१,३३८ | २,७०७,०७५.२९ | ० | ० | ५८८,८८९ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १३,६१४,२४७.२९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १३,६१४,२४७.२९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ११९३९८०६५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३००६३३२०० | चालु खर्च | ३०१३६४३१७ |
| प्रदेश सरकारबाट अनुदान | २३९५६२७२ | पूँजीगत खर्च | १८४५५७०१४ |
| राजश्व बाँडफाँट | १०८९१९३२५ | वित्तीय/अन्य व्यवस्था | १७०१८३२२३ |
| आन्तरिक आय | १८५१४२८५ | | |
| अन्य आय | १४७८५३६७२ | | |
| कुल आय | ५९९८७६७५४ | कुल खर्च | ६५६१०४५५४ |
| बाँकी मौज्दात | | ६३१७०२६५ | |

## अनुसूची - २

| सि.नं | लेखापरीक्षण | लेखापरीण गरएका विषय |
|---|---|---|
| १ | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च |
| २ | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ३ | खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) |
| ४ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ६ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ७ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ८ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| ९ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| १० | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| ११ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने |
| १२ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।